बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८०।८१ च.नं. राजश्व शाखा/...७२१... मितिः २०८०।०८।१७

**विषयः निर्देशन सम्बन्धमा ।**

**श्री बेसीशहर नगरपालिका नियमन भित्र रहेका सहकारी संस्थाहरु सबै,**
**बेसीशहर नगरपालिका, लमजुङ ।**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८०।०४।१७ मा **"सहकारी संस्थाहरुबाट लिएको ऋण चुक्ता गर्ने सम्बन्धी सूचना"** सम्बन्धमा त्यस सहकारी संस्थाबाट ऋण असूली बारे चालु आ. व. २०८०।०८१ को हालसम्म असूली भएको रकमको विवरण तयार गरी ७ दिन भित्र यस कार्यालयमा विवरण पेश गर्नुहुन, साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौंको च.नं. १९८, मिति २०८०।०८।०६ को पत्र अनुसार सहकारी विभाग काठमाण्डौंको **सहकारी क्षेत्र सुधार कार्यदल, २०८० को सुझाव कार्यान्वयन** सम्बन्धमा तपसिल बमोजिम गर्नु गराउनु हुन भनि लेखी आएकोले सोही अनुसार कार्यान्वयन गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

**तपसिल**

१। **स्वेतपत्र जारी सम्बन्धमा**

सबै सहकारी संस्थाहरुले २०८० मंसीर मसान्तभित्रको **संस्थाको दायित्व, लगानी तथा सम्पत्ती लगायतका वित्तीय विवरणहरु समेटिएको स्वेतपत्र** जारी गरी यस कार्यालयमा यही २०८० पौष ७ गतेभित्र पठाउने ।

२। **बचत फिर्ता कार्ययोजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा**

आगामी २०८० चैत्र मसान्तभित्र बचतकर्ताको माग अनुसारको सम्पूर्ण बचत रकम फिर्ता गर्ने गरी **बचत फिर्ता कार्ययोजना** बनाई २०८० पौष ७ गतेभित्र यस कार्यालयमा पेश गर्ने र सो कार्यान्वयनमा ल्याई बचत फिर्ताको विवरण मासिक रुपमा यस कार्यालयमा पेश गर्ने ।

(हस्ताक्षर) २०८०।८।१६
चेतनाथ अयाल
प्रमुख प्रशासकीय अधिकृत

३। **संचालक सचिति तथा लेखा सुपरीवेक्षक समितिका सदस्यहरु र ब्यवस्थापकको सम्पत्ती विवरण संकलन गर्ने सम्बन्धमा**

आगामी २०८० मंसीर मसान्त भित्र सम्बन्धित **सहकारी संस्थाका संचालक समिति तथा लेखा सुपरिवेक्षक समितिका सदस्यहरु र ब्यवास्थापकको सम्पत्ती विवरण** संकलन गरी प्रत्येकको छुट्टाछुट्टै खामबन्दी गरी ७ दिन भित्र यस कार्यालयमा (ईकपी र हार्डकपी) पठाउने ।

४। **कोपोमिस प्रणालीमा विवरण प्रविष्टी गर्ने**

सम्बन्धित सहकारी संस्थाले आवश्यक सम्पूर्ण विवरणहरु **अनिवार्य रुपमा कोपोमिस प्रणालीमा विवरण प्रविष्टी गर्ने** ।

.......................................
चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

चेत नाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०६६ ५२०१५०।५२०२०४
Website: www.besishaharmun.gov.np
"हामी सबैको रहर - सभ्य र समृध्द बेसीशहर"
Email: mun.besishahar@gmail.com
besishaharmunicipality@gmail.com